अदालतले भर्ने
दर्ता नं. ……………………....
दर्ता मिति ………………......

# श्री काठमाडौं जिल्ला अदालतमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम दायर गरेको

### अभियोग पत्र

### आ.व.२०८२/०८३ सालको निर्णय नम्बरः

**परिवर्तित नाम २६ परिसर (३२) ०८१।०८२ को** जाहेरीले नेपाल सरकार**..............................वादी**

**विरुद्धः**

कमलाकान्त झाको नाति, नरेन्द्र झाको छोरा, मधेश प्रदेश, जिल्ला रौतहट गढीमाई न.पा.वडा नं.४ घरभई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.१० अनामनगर बस्ने वर्ष ४६ को **राजेश अहिराज भन्ने राजेश झा..........................................................................१** } **प्रतिवादी**

## मुद्दाः जवर्जस्ती करणी ।

**मुद्दाको संक्षिप्त तथ्यः**

१. **परिवर्तित नाम २६ परिसर(३२)०८१।०८२ को जाहेरी दरखास्तः**

म जाहेरवालाको कसुरदार राजेश झा अहिराजसँग मेरो घरको नजिकको नातेदारबाट चिनजान भएको हो। सोही समय देखि नै निज कसुरदार मेरो बिराटनगर स्थित घरमा जाने आउने क्रम चलिरहन्थ्यो। सोही समयदेखि निज विपक्षी मसँग नजिक हुन चाहेको रहेछन्। म पढाईमा व्यस्त भएका कारण थुप्रै समय सम्म निजसँग मेरो भेट भएन। केहीवर्ष पछि म काठमाडौं अध्ययनको सिलसिलामा आएको थाहा पाएर निज मेरो बानेश्वर स्थित डेरामा आउन जान थाले। पारिवारिक चिनजानको मान्छे भएका कारण मैंले नआउ भन्न सकिन। कसुरदार राजेश झा अहिराजसँग म करिव १७ वर्षको हुँदाको बखत पहिलो पटक बिराटनगरमा भेटघाट भएको थियो। सोही समयबाट निज आफ्नै घरमा आउने जाने गर्थे। केही वर्ष पछि उच्च शिक्षा अध्ययनको सिलसिलामा म काठमाडौं आएको थाहा पाएपछि बानेश्वर स्थित मेरो डेरागरी बसेको कोठामा पनि आउने जाने गर्न थाल्नु भयो। मेरो बुवा आमा घरपरिवारका सम्पुर्ण सदस्यसँग उनको राम्रो चिनजानी भएको फाईदा उठाई कुनियत राखी मितिः २०८१।२।४ गतेका दिन म मेरो बानेश्वर स्थित डेराकोठामा एक्लै बसिरहेको अवस्थामा मसँग एउटा

जरुरी कुरा गर्नुछ तपाईको परिवारबाट सन्देश ल्याएको छु भनि बहाना बनाइ मेरो डेराकोठामा आउनु भयो र कोठाभित्र पसी बेडको छेउमा बस्नुभयो । म पनि अर्को बेडको छेउमा बसें । के सन्देश ल्याएको फोनमा नै भनेको भए हुन्थ्यो । म एक्लै भएको ठाउँमा किन आउनु भएको भनी मैंले भनिरहँदा, उहाँले तिमी किन डराएको तिम्रो घरपरिवारसँग चिनजान भएको हुनाले निर्धक्क भएर बस । मलाई पनि सास फेर्न देऊ भनी पानी माग्नु भयो । मैंले पानी दिए लगत्तै उठेर ढोकाको चुकुल लगाउनु भयो । मैंले किन चुकुल लगाउनु भएको भन्दा सिधा आई मेरो मुख थुनी मलाई बिस्तारामा पछार्नु भयो । हल्ला गर्ने चिच्याउने काम गरेमा तेरो आफ्नै बेईज्जत हुन्छ । म त छोरा मान्छे, मलाई केही हुने होईन भन्दै धम्की दिई मेरो घाँटी, मुख बेस्सरी थिच्न थाल्नुभयो । त्यति भन्दा पनि मैंले चिच्याउने प्रयास गरी रहेको थिएँ । तर अब चिच्याईस् भने करणी गरी मारिदिन्छु । तेरो घरका व्यक्तिहरु पनि यहाँ छैनन् । तलाई कसले मार्यो, कसैलाई पनि थाहा हुँदैन, नेपालमा पैसा र पावर हुने कै कानुन छ भन्दै धम्की दिंदै मेरो अस्मिता लुटियो । लगातार करणी पश्चात मेरो संबेदनशील अंगबाट रगत बगिरहेको थियो । अब छोडिदिनुहोस् भनि पटक-पटक बिन्ती गर्दै उम्किने प्रयास गर्दा समेत जबर्जस्ती करणी गरिरहे । दिउँसोको करिब १२ बजेको समयसम्म करणी गरिसकेपछि अब तँ मधेशी परिवारको छोरी होस् । यो घटना कसैलाई भनिस् भने तँलाई कसैले पनि विवाह गर्दैन । उल्टै मधेशी समाजले तेरो परिवारलाई बहिष्कार गर्दछ । तँ र तेरो परिवार कहि कतै मुख देखाउन लायक हुने छैन । बाध्यबस स-परिवार नै आत्महत्या गर्ने अवस्थामा पुग्नेछन् । तर पनि कसैलाई भनिस् भने कि तँलाई मार्दिन्छु, कि तेरो भाईलाई अपहरण गरी मारिदिन्छु भनि आफ्नो बस्त्र लगाई कोठाबाट निस्किनु भयो । यो घटनाले मलाई भित्र भित्रै खाँदै गई रहको छ, म आफैंले संघर्ष गरिरहेकी थिएँ । मैंले आफूमाथि भएको अपराधको आवाज उठाउनु पर्छ भनि हिम्मत आयो । निजले फोनमा प्रमाण हुन्छ भनी whatsapp मिडिया मार्फत म र मेरो भाईलाई कँही कतै उजुरी गरेमा ज्यान मारिदिन्छु भनी बारम्बार धम्की आई रहेको अवस्थामा पनि मेरो ईज्जत, मेरो ज्यान परिवार समाजबाट हुने घृणाको प्रवाह नगरी न्यायालय सम्म जाने निर्णय गरें । म पीडितको अस्मिता लुटि जिउँदो लास बनाउने निजलाई कानुन बमोजिम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको नाम परिवर्तित २६ परिसर (३२)०८१।०८२ को जाहेरी दरखास्त ।

२. **<u>घटनास्थल मुचुल्का:</u>**

यसमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३१ कात्यानिचोक स्थित पूर्वमा पुरानो बानेश्वर तर्फ जाने पक्की सडक, पश्चिममा मनकामना गर्ल्स होस्टेलको तिनतले पक्की घर, उत्तरमा पुरानो बानेश्वरतर्फ जाने पक्की सडक, दक्षिणमा सृजना खड्काको साढे दुईतले पक्की सेतो घर यति चारकिल्ला भित्र GR २७.६९६४,८५.३४४३ मा बिपिनराज जोशीको तीन तले पहेंलो रङको घर रहेको सो घरमा नाम परिवर्तित २६ परिसर (३२)क ०८१।०८२ ले कास्यप बोईज् होस्टेल संचालन गर्दै आएको, सो घरको पश्चिम तर्फमा बाहिरबाट दोश्रो तलामा जाने फलामको भऱ्याङ रहेको, सो भऱ्याङबाट माथि चढी हेर्दा पश्चिम तर्फ मोहडा भएको ढोका रहेको, सो ढोकाबाट भित्र प्रवेश गरी हेर्दा तेश्रो तला जाने भऱ्याङ र सो भऱ्याङको ठीक सामुन्ने एक बाथरुम रहेको र सो तल्लामा कुल ४ ओटा कोठाहरु रहेको, सो मध्ये पुर्वतर्फ पश्चिम मोहडा ढोका भएको कोठा रहेको, सो कोठामा प्रबेश गरी हेर्दा सो कोठामा चारओटा बेड एक काठको दराज र कपडा सिलाउने मेसिन रहेको, सो कोठाको पश्चिम ढोकाको साईडमा एक काठको खाट रहेको सो खाटमा जिल्ला रौतहट गढीमाई न.पा.वडा नं.३ सुन्दरपुर घरभई हाल काठमाडौं जिल्ला घट्टेकुलो बस्ने वर्ष ४७ को राजेश झा अहिराजले जाहेरवाला परिवर्तित नाम २६ परिसर (३२) ०८१।०८२ लाई मितिः २०८१।२।४ गते बिहान अं.९:०० बजेको समयमा जबर्जस्ती

करणी गरेको भनि देखाए बमोजिमको चारकिल्ला सहितको घटनास्थल मुचुल्का ठीक छ भन्ने व्यहोराको घटनास्थल प्रकृति मुचुल्का ।

३. **प्रतिवादी राजेश अहिराज भन्ने राजेश झाको बयान:**

मेरो जाहेरवालाको नातेदार मार्फत निजको आमासँग ६ वर्ष पहिला चिनजान भएको हो । त्यसपछि जाहेरवाला परिवर्तित नाम २६ परिसर (३२)०८१।०८२ र निजको भाईसँग चिनजान भएको हो । पछि निज जाहेरवालाको आमाले जाहेरवालालाई काठमाडौंमा अध्ययन गराउन मसँग सहयोग मागिन् । मैंले निज जाहेरवालालाई काठमाडौं अनामनगरको गर्ल्स होस्टेलमा कुरा गरिदिए पछि जाहेरवाला उक्त होस्टलमा बस्न थालिन् । त्यसको केही वर्ष पछि जाहेरवालाको आमाले जाहेरवालाको भाईलाई पनि काठमाडौंमा नै पढाउन पाए हुन्थ्यो भनि कुराकानी गर्ने क्रममा जाहेरवालाको आमा पनि काठमाडौंमा आई कुनै व्यवसाय गर्ने भनी सर सल्लाह गर्ने क्रममा काठमाडौंको भिमसेनगोला स्थित एउटा घर बहालमा लिई जाहेरवाला, निजको आमा र निजको भाई समेत काठमाडौंको भिमसेनगोला स्थित कस्यप ब्वाईज होस्टेल संचालन गरी निजहरु पनि सोही भवनमा बस्न थाले । २०८० सालतिर निजको आमाले छोरा छोरीलाई विदेश पठाउनु पर्ने पैसाको व्यवस्था कहि कतै भएन तपाईले सके सापट नभए ऋण भए पनि खोजीदिन आग्रह गरिन् । त्यसको केही समयपछि निजकी आमाले अन्तबाट भए पनि ऋण खोजी दिन वा हाम्रो बिराटनगरको जग्गा किनिदिन वा बिक्री गराईदिन आग्रह गरेकी थिईन् । तर कुनै किसिमको सहयोग नपाउदाँ रिसाएकी थिईन् । सो क्रममा जाहेरवालाको आमाले छोरा छोरीको शिक्षा र होष्टेल संचालनमा आउने समस्यामा मसँग कुराकानी गर्दथिन् । बेला बखतमा म पनि निजले बोलाउँदा निजको होस्टेलमा जाने गर्दथे । होस्टेल जाने क्रममा एकदिन जाहेरवाला, निजको आमा र निजको भाई भएको बेलामा जाहेरवालाले म विदेश पढ्न जानुपर्यो, मलाई पैसा सापटी दिनु वा ऋण खोजिदिनु भन्दा निजको आमाले तिमी अध्ययनको तयारी गर सबै जनाले सकेको सहयोग गर्नेछौं भनि निजलाई आश्वासन दिएकी थिईन् । सोही क्रममा जाहेरवालाले मलाई पाईलट पढ्ने रहर भएको र सो को लागि लगभग रु.६०,००,०००।–(साठी लाख) लाग्ने भएकोले घरबाट बुवा आमाले ४०,००,००० दिने र मलाई पनि रु.२०,००, ०००।–(बीस लाख) खोजिदिन आग्रह गरिन् । मैंले पनि तिम्रो भिषा आएपछि तिमी विदेश जाने अवस्थामा आफूले सक्ने सहयोग गर्छु भनेर जाहेरवालाको हौसलालाई बलियो बनाउने काम गरेको थिएँ । तर पटक-पटक भिषाको लागी जाहेरवालाले गरेको प्रयासमा निज असफल भएपछि जाहेरवाला मानसिक तनाबबाट गुज्रिन थालिन् । निजको अन्य मानिससँग सम्बाद कुराकानी तथा व्यबहारमा समेत फरकपन आउन थाल्यो । घरभित्र पनि तनावको अवस्था निर्माण गरी बस्थिन् । जाहेरवालाको आमाले मलाई कहिलेकाही फोन गरेर जाहेरवालाको व्यबहार असुहाउँदो हुन थाल्यो । रात्रि क्लबहरु जान थालिन् । व्यबहार बिग्रियो मसँग पनि अस्वस्थ सम्बाद कुराकानी गर्न थालिन् भनेर गुनासो गर्न थालिन् । जाहेरवाला रात्रीकालिन क्लबमा गएको कारण निज र निजको भाईसँग पनि हातपात भएको थियो । सो झगडा नगरी मिलेर बस्नको लागि निजको आमाको आग्रहमा म समेत गई छलफल गराएको हो । त्यसको केही समय पछि २०८० सालको माघ महिनातिर निज जाहेरवालाले मसँगको भेटमा मेरो क्यारियर बिग्रियो । मेरो भिषा लागेन भनेर चिन्ता व्यक्त गर्दथिन् । एकातिर निजको भिषा नलागेर आफू विदेश जान नपाएको रीस, अर्कोतिर आफ्नो भाईको विदेश पढ्न जाने चाँजोपाजो मिल्नु र आफ्नै सम्वादको कारण अरुसँगको सम्बन्ध पनि बिग्रिन थालेपछि निजको व्यबहारमा एकदमै नकारात्मकता देखिन थाल्यो । निजको होस्टेलमा गएको समयमा निजको आमा, भाई भएको समयमा निजसँग मेरो पटक-पटक

भेटघाट हुँदै आएको थियो । मितिः २०८१ असार ३ गते जाहेरवालाले मिन भवन स्थित जिम्बु थकालीमा खाजा खाने गरी भेट्दा निजको भाई विदेश जाने कुरा भई सक्यो, म चाँही विदेश जान सकिन भनि गुनासो पनि पोखिन् र ५ गते निजको भाईको जन्मदिन परेकोले जाहेरवालाले म, निजको भाई र जाहेरवाला भई संगै केक काटेर जन्मदिन मनाउने भनी आग्रह गरेकीले हामी तीनै जना किर्तिपुरतिर गई निजको भाईको जन्मदिन मनाएर दिउँसो हामी फर्कियौ । त्यसको केही दिन पछि निजको भाईको आग्रहमा जाहेरवाला, निजको भाई र मसंगै भक्तपुरको राधे राधे स्थित दिउँसो थाई रेष्टुरेन्टमा गई निजको भाईको बर्थडे पार्टीको रुपमा गई खाजा खाएर आयौं । जाहेरवाला आफ्नो पढाई बिग्रेको रिसमा मसँग पनि पछिल्लो समयमा म विदेश गए पनि नगए पनि मलाई पैसा दिनु । म नेपाल मै आफ्नो ब्यवसाय गरेर बस्छु भनी निजको आमालाई भन्न थालिन् । केही समय पछि मलाई पनि दबाव दिन थालिन् । त्यसपछि मैंले तिमीसँग सापटी वा ऋण नलिएको र तिमी विदेश जानको लागी भिषा नलागेको कारण मैंले पैसा दिनुपर्ने वा खोजी दिनुपर्ने कुनै अवस्था छैन भनें । त्यसपछि निज जाहेरवाला आफ्नो घरमा झगडा गर्ने, बाहिर महिला अधिकारकर्मीहरुसँग सम्पर्कमा गएर मलाई टार्गेट गरेर सम्वादहरु गर्न थालिन् । सोही क्रममा बाहिरबाट पाएको उक्साहटपूर्ण सल्लाहको कारण जाहेरवालाले मलाई एकदिन WhatsApp मा फोन गरेर मलाई रु.२०,००,०००।–(बीस लाख) दिनु, नदिएमा म जे पनि गर्न सक्छु । म तपाईको ईज्जत प्रतिष्ठा मानमर्यादा केही कुराको ख्याल राख्दिन भनी धम्कि दिन थालिन् । मैंले पनि निजलाई पैसा दिनुपर्ने कुनै जरुरी छैन भनें । तर जाहेरवालाले WhatsApp को च्याट मार्फत बेला बखतमा पैसा माग गर्ने नदिएमा मलाई झुठ्ठा मुद्दामा फसाईदिन्छु भनि धम्की दिन थालिन् । निजको पटक-पटकको मानसिक दबावको कारण म दिक्क भएर अलिकति पैसा दिएर तनाब मुक्त हुन सकिन्छ कि भनेर मैंले निजलाई म थोरै पैसा दिन सक्छु भनेर कुराकानी गरें । मितिः २०८१ सालको भाद्र १८ गते WhatsApp मार्फत आफ्नो लक्ष्मी सनराईज बैंकको खाता नं. लेखी पठाईन् । १९ गते मसँग निजले पैसाको ताकेता गर्न थालिन् । ऐ.भदौ २३ गते आईतबार निजले आफ्नो होस्टेल अगाडि आएर मेरो गाडीमा बसी भिमसेनगोला चोक स्थित लक्ष्मी सनराईज बैंकमा मैंले दिएको रु.३,००,०००।–(तीन लाख) आफ्नो खातामा जम्मा गरी मलाई स्लिप देखाई मेरो गाडीमा बसेर फर्किन् । निज होस्टेल अगाडी ओर्लिने क्रममा मलाई अब मानसिक तनाब नदिनु । म अब कुनै पनि खालको पैसा दिन सक्दिन भनेर म छुट्टिएँ । तर निजले मलाई पटक-पटक पैसा माग्न थालिन् । म दिक्क भएर कार्तिक ३० गते निजको होस्टेलमा गएर निजको आमा, भाई भएको बेलामा मैंले निजको आमालाई तपाईको छोरीले मलाई धेरै दु:ख दिईन् । मलाई झुठा मुद्दामा फसाईदिन्छु भनि धम्काई मानसिक तनाब दिएकी छिन् भन्दा निजको आमाले हाँस्दै समाजिक प्रतिष्ठा भन्दा पैसा ठुलो हुँदैन । नेपालको कानुन तपाईलाई थाहा छैन, जबर्जस्ती करणीको मुद्दा हालिदियो भने तपाईको सर्वस्व सकिन्छ । हाम्रो केही पनि जाँदैन, हामीलाई वकील खर्च पनि लाग्दैन, मुद्दा हारेपनि हामीलाई कुनै सजाय हुँदैन हाम्रो मुद्दामा नाम पनि आउँदैन, बरु उल्टै तपाईलाई हत्कडी लाग्छ, प्रहरीको हिरासतमा बस्नुपर्ला भनि धम्कीपूर्ण सम्वाद गरेकी थिईन् । म निजको होस्टेल गएको बेला त्यस्तो कुरा नगर्न आग्रह गर्दा जाहेरवालाले मेरो फोटो खिचेर भिडियो पनि बनाएकी थिईन् । निजले मेरो अगाडी नै जाहेरवालाको मामाघरको हजुरआमालाई फोनमा तथानाम गाली गलौज गर्दा मैंले उक्त कुरा सुन्न नसकेर निजको हातबाट मोबाईल समेत खोसिदिएको थिएँ । यो ब्यवहारबाट म दिक्क भएर कानूनी उपचारको लागी जिल्ला प्रहरी परिसर काठमाडौंमा सम्पर्क गरेर आफुसँग पटक-पटक पैसा मागेको च्याट तथा गरेको दुर्व्यबहार र लिएको पैसाको बारेमा जाहेरी दरखास्त लेखी २०८१ सालको मंसिरको पहिलो साता तिर जिल्ला प्रहरी परिसरको मुद्दा

शाखामा मितिः २०८१।०८।०७ गते मुद्दा दर्ता नं. ३७८ मा अपराधिक लाभ (एक्सटर्सन) को मुद्दा दर्ता गराएको थिएँ। तर सो कुरा जाहेरवालाको घर परिवारलाई थाहा नभएको कारण मंसिर ८ गते नयाँ बानेश्वरको मिलनचोक स्थित चिया पसलमा निजको आमा र भाईले मलाई भेट्न बोलाएर मसँग पैसाको दबाव दिएका थिए। मंसिर १२ गते मलाई निजको भाईले होस्टेल भित्र बोलाएर जाहेरवाला, निजको भाई र आमा तिनैजना मिलेर पैसा नदिने हो भने हामीले झुठा मुद्दा लगाएर तपाईलाई सिध्याईदिन्छौं। यो अन्तिम पटकको भेट हो भनी मलाई धम्काउँदा मैंले कुनै अपराध गरेको छैन। कानुन विपरीत कुनै काम गरेको छैन। म पैसा दिन्न भनी प्रष्ट अडान राखेको थिएँ। तर त्यसको केही समय पछि पुन: पौष ४ गते मध्य बानेश्वर स्थित घराना रेष्टुरेण्टमा निजको आमाले मलाई बोलाई हामीले तपाईको नाममा जाहेरी दिएका छौं। अन्तिम पटक सोध्दै छौं तपाईले पैसा दिने कि नदिने ? भनेर मसँग पैसाको बार्गेनिङ गरेका थिए। उक्त सम्पूर्ण घटनाक्रम र पैसाको बार्गेनिङ गरेको अडियो र भिडियो मैंले दर्ता गराएको अपराधिक लाभ मुद्दामा पेश गरेको छु। सो पश्चात मैंले समाजका केही भद्र भलाद्मीको बीचमा मैंले आफ्नो समस्या बताएको थिएँ। समाजका मानिस निजको होस्टेलमा जाँदा निज जाहेरवालाहरुको षड्यन्त्र समाजमा सार्वजनिक भएको आक्रोश र अपराधिक लाभ (एक्सटर्सन)को मुद्दा दर्ता भएको जानकारी पाउँदा जाहेरवालाले रीस खप्न नसकी बदलाको भावनामा आई म माथि बनावटी काल्पनिक र झुठा आरोप लगाएकी हुन्। मैंले निज जाहेरवालालाई लाई मितिः २०८१।२।४ गते जबर्जस्ती करणी गरेको छैन। निजले मसँग पटक-पटक पैसा मागी रहँदा समेत निजलाई पैसा नदिएको र निजले मबाट बिभिन्न धम्की देखाई पैसा लिएको हुँदा निजको बिरुद्दमा जिल्ला प्रहरी कार्यालय काठमाडौंमा अपराधिक लाभ मुद्दा दर्ता गराएको कारणले मेरो सामाजिक प्रतिष्ठा तथा चरित्र हत्या गर्ने नियतले लामो समयसम्म सोच बिचार गरी मेरो बिरुद्दमा जबर्जस्ती करणी गरेको भनी जाहेरी दरखास्त दिएकी हुन्। निजले दिएको जाहेरी दरखास्त बनावटी, काल्पनिक र झुठा हो। निजले हुँदै नभएको घटनालाई भएको हो भनी कथित वारदात सृजना गरेकी हुन्। मैंले कानुन विपरीत काम गरेको छैन। मैंले निज जाहेरवाला नाम परिवर्तित २६ परिसर (३२) ०८१।०८२ लाई वारदात मिति र समयमा जबर्जस्ती करणी गरेको छैन। उक्त दिन म काठमाडौंमा रहेता पनि निजसँग मेरो भेटघाट भएको छैन भन्ने समेत व्यहोराको प्रतिवादी राजेश झाको बयान।

४. **बुझिएका मा नाम परिवर्तित २६ परिसर (३२) (क) ०८१।०८२ ले गरेको घटना विवरण कागज:**

जाहेरवाला नाम परिवर्तित २६ परिसर (३२)०८१।०८२ मेरो सहोदर छोरी हुन्। प्रतिवादी राजेश झा लाई चिन्दछु। म आजभन्दा ४ वर्ष पहिला देखि काठमाडौंमा आई मध्ये बानेश्वरमा होस्टेल संचालन गरी छोरा छोरी समेत सोही होस्टेलको घरमा २ ओटा कोठा लिई बस्दै आएकोमा निज प्रतिवादी राजेश झा सामान्य चिनजानको व्यक्ती भएकोले म काठमाडौं आउँदा मेरो डेराकोठामा मलाई भेट्न आएको थियो। निज प्रतिवादीलाई जाहेरवाला छोरीले पनि चिन्थिन्। निजलाई मेरो छोरीले अंकल भन्ने गर्दथिन्। त्यसपछि निज प्रतिवादी राजेश झा कहिले काही मेरो छोरा छोरी भएको समयमा पनि डेराकोठामा आउने मेरो घरपरिवारको बारेमा सोधपुछ तथा कुराकानी गर्ने गर्दथ्यो। सोही क्रममा मेरो छोरा विदेश क्यानाडा जाने कुराकानी गरेकोले जाहेरवाला छोरीलाई काठमाडौंमा छाडी म र मेरो छोरा कागजपत्र मिलाउन भनी मितिः २०८१ सालको बैशाख महिनाको अन्तिम साताातिर आफ्नो गाउँ सप्तरी गएको थिएँ। त्यहाँ छोरा र म २२ दिन जति बसेर कागजपत्र बनाएर काठमाडौं आयौं। जाहेरवाला छोरी विभिन्न आयोगमा परिक्षा दिने भनी तयारी गर्दै आएकी थिईन्। म काठमाडौं आउँदा जाहेरवाला छोरीको व्यबहारमा केही परिवर्तन आई टोलाएर बस्ने, मसँग त्यति खुलेर नबोल्ने

गर्न थालिन् । मैंले निज छोरीलाई आफ्नै पढाईको तनाबले होला भन्ने लाग्यो र खासै वास्ता गरिन । त्यसपछि अचानक प्रतिवादी राजेश झाको नाम गरेर विभिन्न मानिसहरु मेरो डेराकोठामा आउन थालेपछि मैंले तपाईहरु किन, के कामले मेरो डेराकोठामा आउनु भएको भनी सोधपुछ गर्दा तिम्रो छोरीले राजेश झाको बिरुद्दमा प्रहरीमा मुद्दा हालेकी रहिछन् । त्यो मुद्दा फिर्ता लिन लगाउनु, हामीले के गर्नुपर्छ गर्छौं, नत्र भने राजेश झाले उल्टो तपाईको छोरीलाई विभिन्न मुद्दा हाल्नेछ, तपाईको छोरीको समाजमा विवाह हुन गाह्रो हुन्छ, विवाह भएपनि घरबार बिग्रिन्छ भनि धाक धम्की दिएकोले मैंले जाहेरवाला छोरीलाई के भएको हो ? यो मानिसहरुले के कुरा गर्दैछन् भनी सोधपुछ गर्दा तपाई र भाई कागजपत्र बनाउनको लागी गाउँमा जानु भएको बेलामा मितिः २०८१।२।४ गते प्रतिवादी राजेश झा अंकल हाम्रो डेराकोठामा आई म एक्लै बसिरहेको अवस्थामा मसँग एउटा जरुरी कुरा गर्नुछ । तिम्रो परिवारबाट सन्देश ल्याएको छु भनी आउनु भयो । म एक्लै भएको ठाउँमा किन आउनु भएको भन्दा निजले तिमी किन डराएको ? तिम्रो घरपरिवारसँग मेरो चिनजान भएकोले तिमी नडराउ भनेर मसँग पानी मागेर खाई निज उठेर ढोकाको चुकुल लगाउनु भयो । मैंले किन चुकुल लगाउनु भएको भन्दा निजले मेरो मुख थुनि मलाई बिस्तारामा पछारी हल्ला नगर, हल्ला गरेमा तिम्रो आफ्नै बेईजत हुन्छ, म त छोरा मान्छे मलाई केही हुंदैन भनि धम्की दिई मेरो घाँटी, मुख थिचेर अब चिच्याईस भने मारिदिन्छु । तिम्रो ममी भाई यहाँ छैनन् कसले मार्‍यो कसैलाई पनि थाहा हुँदैन भनी धाकधम्की देखाई मलाई जबरजस्ती करणी गरेकोले मैंले निज राजेश झा को बिरुद्दमा जिल्ला प्रहरी परिसर काठमाडौंमा जबर्जस्ती करणी सम्बन्धमा जाहेरी दरखास्त दिएको छु भनी छोरीले रुदै भनेकीले मैंले थाहा पाएको हो भन्ने समेत व्यहोराको नाम परिवर्तित २६ परिसर (३२)(क) ०८१।०८२ को घटना विवरण कागज ।

५. **<u>बुझिएका मानिस बुलवुल यादवले गरिदिएको घटनाविवरण कागज :-</u>**

जाहेरवाला नाम परिवर्तित २६ परिसर (३२)०८१।०८२ मेरो मितिनी छोरी हुन् । प्रतिवादी राजेश झा प्रदेश मन्त्री हुँदा चिनेको हुँ । निजसँग मेरो कुनै प्रकारको रिसईवी छैन । आज भन्दा १ वर्ष अगाडि कामको सिलसिलामा म काठमाडौं आउँदा निज जाहेरवालाको डेरा कोठामा गएको थिएँ । सो समयमा निज जाहेरवाला निराश भई बसेको देखी तिमीलाई के भयो भनी सोध्दा मितिः २०८१।२।४ गते प्रतिवादी राजेश झा मेरो डेराकोठामा आई म एक्लै बसिरहेको अवस्थामा मसँग एउटा जरुरी कुरा गर्नुछ तिम्रो परिवारबाट सन्देश ल्याएको छु भनि आउनु भयो र म एक्लै भएको ठाउँमा किन आउनु भएको भन्दा निजले तिमी किन डराएको ? तिम्रो घरपरिवारसँग मेरो चिनजान भएकोले तिमी नडराउ भनेर मसँग पानी मागेर खाई निज उठेर ढोकाको चुकुल लगाउनु भयो । मैंले किन चुकुल लगाउनु भएको भन्दा निजले मेरो मुख थुनी मलाई बिस्तारामा पछारी हल्ला नगर, हल्ला गरेमा तिम्रो आफ्नै बेईजत हुन्छ, म त छोरा मान्छे मलाई केही हुंदैन भनी धम्की दिई मेरो घाँटी, मुख थिचेर अब चिच्याईस भने मारिदिन्छु, तिम्रो ममी भाई यहाँ छैनन्, कसले मार्‍यो कसैलाई पनि थाहा हुंदैन भनि धाकधम्की देखाई मलाई जबरजस्ती करणी गर्‍यो भनी जाहेरवालाले बताएकी थिइन् । सो कुरा थाहा पाएपश्चात मैले निज जाहेरवालालाई यस्तो कुरा सहेर बस्नु हुँदैन, निजको विरुद्दमा जाहेरी दिनुपर्छ भनी सम्झाई बुझाई समेत गरेको थिएँ । निज प्रतिवादी राजेश झालाई कानुन बमोजिम कारबाही हुनुपर्छ भन्ने समेत व्यहोराको बुलबुल यादवले गरेको घटना विवरण कागज ।

६. **<u>पीडितको स्वास्थ्य परीक्षण प्रतिबेदनः</u>**

Hymen: Old Tear भन्ने समेत व्यहोराको पीडित परिवर्तित नाम २६ परिसर (३२) ०८१।०८२ को परीक्षण प्रतिवेदन ।

**अभियुक्त उपरको अभियोगः**

महिला तथा बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, काठमाडौंबाट अनुसन्धान कार्य सम्पन्न भई निर्णयार्थ प्राप्त मिसिल संलग्न परिवर्तित नाम २६ परिसर (३२) ०८१।०८२ को जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, प्रतिवादी राजेश झाको बयान, जाहेरवालाले पेश गरेको फोटोहरु, मोबाईल तथा ह्वाट्सएपको कल लग विवरणहरु, सिसिटिभी फुटेज सहितको पेन ड्राईभ, पीडितको यौनजन्य परीक्षण प्रतिवेदन, मौकामा बुझिएका नाम परिवर्तित २६ परिसर (३२)(क) ०८१।०८२ तथा बुलबुल यादवले मौकामा लेखाएका घटना विवरण कागज समेतका आधार प्रमाणबाट प्रतिवादी राजेश झाले जाहेरवाला वर्ष २३ की परिवर्तित नाम २६ परिसर(३२) (०८१।०८२) लाई मितिः २०८१।०२।०४ गते बिहान अं.९:०० बजेको समयमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ स्थित जाहेरवालाको कोठामा गई जबर्जस्ती करणी गरेको वारदात स्थापित हुन आयो।

प्रतिवादीले के कसरी जवर्जस्ती करणीको वारदात घटाएका रहेछन् भन्ने सम्बन्धमा जाहेरी व्यहोरा हेर्दा, मितिः २०८१।२।४ गतेका दिन म मेरो बानेश्वर स्थित डेराकोठामा एक्लै बसिरहेको अवस्थामा मसँग एउटा जरुरी कुरा गर्नुछ। तपाईंको परिवारबाट सन्देश ल्याएको छु प्रतिवादी राजेश अहिराज भन्ने राजेश झाले बहाना बनाइ म पीडित जाहेरवालाको डेरा कोठाई आई मलाई पानी देऊ भनी पानी मागेकोमा मैंले पानी दिए लगत्तै उठेर ढोकाको चुकुल लगाई सिधा आई मेरो मुख थुनी मलाई बिस्तारामा पछारी हल्ला गर्ने, चिच्याउने काम गरेमा तेरो आफ्नै बेईजत हुन्छ, म त छोरा मान्छे मलाइँ केही हुने होईन भन्दै धम्की दिई मेरो घाँटी,मुख बेस्सरी थिची चिच्याईस् भने करणी गरी मारिदिन्छु भनी जवर्जस्ती करणी आफ्नो अस्मिता लुटेको, छोडी दिनुहोस् भनि पटक-पटक बिन्ती गर्दै उम्किने प्रयास गर्दा समेत जबर्जस्ती करणी गरी कसैलाई भनिस् भने कि तँलाई मार्दिन्छु, कि तेरो भाईलाई अपहरण गरी मारिदिन्छु भनी धम्की दिई गएकोमा मैंले आफू माथि भएको अपराधको आवाज उठाउनु पर्छ भनी हिम्मत उठाई जाहेरी दिएको हुँ। म पीडितको अस्मिता लुटी जिउँदो लास बनाउने निजलाई कानुन बमोजिम कारवाही गरी पाउँ भनी दिएको जाहेरीबाट उठान भएको प्रस्तुत मुद्दामा उक्त जाहेरी व्यहोरालाई समर्थित हुने गरी घटनास्थल मुचुल्का भएको देखियो। जाहेरवालाले जाहेरी साथ पेश गरेको फोटोहरु, मोबाईल तथा ह्वाट्सएपको कल लग विवरणहरु, पछि जाहेरवालाले दिएको निवेदन तथा सो साथ पेश भएका सिसिटिभी फुटेज सहितको पेन ड्राईभमा संकलित फोटो भिडियो सहितका प्रमाण तथा आफू र छोरा गाउँ गएको समयमा प्रतिवादी राजेश झाले पीडित परिवर्तित नाम २६ परिसर (३२) ०८१।०८२ लाई मितिः २०८१।०२।०४ गते बिहान अं.९:०० बजेको समयमा जवर्जस्ती करणी गरेको भनी पीडित परिवर्तित नाम २६ परिसर (३२) ०८१।०८२ ले भनी थाहा पाएको हुँ भन्ने समेत व्यहोराको जाहेरवाला पीडितको **आमा नाम परिवर्तित २६ परिसर (३२)क (०८१।०८२)** ले तथा जाहेरी व्यहोरालाई समर्थित हुने गरी मौकामा बुझिएका बुलबुल यादवको घटना विवरण कागज व्यहोरा तथा पीडित परिवर्तित नाम २६ परिसर (३२) ०८१।०८२ को यौनजन्य परीक्षणको क्रममा Hymen: old tear भन्ने समेत व्यहोरा उल्लेख भई वारदातको सम्बन्धमा जाहेरी मिलानको व्यहोरा पीडितले यौनजन्य परीक्षणका क्रममा लेखाएको देखिएबाट प्रतिवादी राजेश अहिराज भन्ने राजेश झाले परिवर्तित नाम २६ परिसर(३२)०८१।०८२ उपर जवर्जस्ती करणी गरेको तथ्य सप्रमाण स्थापित हुन आयो।

अतः माथि विवेचित समेतका आधार प्रमाणबाट प्रतिवादी राजेश अहिराज भन्ने राजेश झाले वर्ष २३ की परिवर्तित नाम २६ परिसर(३२)०८१।०८२ उपर जवर्जस्ती करणी गरेको देखिएकोमा निज प्रतिवादी राजेश

अहिराज भन्ने राजेश झाको उल्लिखित कार्य मुलुकी अपराध सहिंता, २०७४ को दफा २१९ को उपदफा (१) र उपदफा (२) बमोजिमको जवर्जस्ती करणीको कसूर भएको सप्रमाण पुष्टि हुन आयो।

**अभियुक्तलाई हुनुपर्ने सजायः**

वर्ष २३ की पीडित परिवर्तित नाम २६ परिसर(३२)०८१।०८२ उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र उपदफा (२) बमोजिम जबरजस्ती करणीको कसूर गर्ने **निज** प्रतिवादी राजेश अहिराज भन्ने राजेश झालाई सोही संहिताको दफा २१९ को उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय गरी पाउन साथै निज प्रतिवादी राजेश झालाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३क) को खण्ड (ग) बमोजिम जरिबाना गरी सो जरिबाना रकम पीडित राहत कोषमा दाखिला गराई पाउन मागदावी लिई सक्कल मिसिल र पक्राउ **प्रतिवादी राजेश झालाई** यसै अभियोग पत्रसाथ पेश गरिएको छ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधारः×**

**क्षतिपुर्तिको माग दावीः**

प्रतिवादी राजेश अहिराज भन्ने राजेश झाबाट जरिबाना बापत प्राप्त हुने रकम समेतलाई विचार गरी मनासिव क्षतिपूर्तिको रकम र मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३क) को खण्ड (ग) बमोजिम प्रतिवादी राजेश अहिराज भन्ने राजेश झाले पीडित राहत कोषमा बुझाउने जरिबाना वापतको रकम समेत सोही संहिताको दफा २२८ बमोजिम पीडित परिवर्तित नाम २६ परिसर(३२)०८१।०८२ लाई दिलाई भराई पाउँ।

साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउँ।

**अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः**

**मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ मा "जवर्जस्ती करणी गर्न नहुने"**

(१) कसैले जवर्जस्ती करणी गर्न हुँदैन।

(२) कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि अठार वर्षभन्दा कम उमेरको कुनै बालिकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जवर्जस्ती करणी गरेको मानिनेछ।

**दफा २१९ को उपदफा (३) मा** जवर्जस्ती करणी गर्ने व्यक्तिलाई त्यसरी करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी देहाय बमोजिम कैद हुनेछः-

(ङ) अठार वर्ष वा अठार वर्षभन्दा बढी उमेरकी महिला भए **सात वर्षदेखि दश वर्षसम्म,**

**(३क)** जबरजस्ती करणी गर्ने व्यक्तिलाई उपदफा (३) बमोजिमको कैद सजायको अतिरिक्त देहाय बमोजिमको जरिबाना समेत हुनेछ र त्यस्तो जरिबाना बापत प्राप्त रकम पीडितलाई दिनुपर्नेछः-

(ग) उपदफा (३) को खण्ड (ङ) बमोजिम कैद सजाय हुने कसूरदारलाई **तीन लाख रुपैयाँ जरिबाना**।

**दफा २२८ क्षतिपूर्ति भराई दिनु पर्नेः** दफा २२० र २२७ अन्तर्गतको कसूर बाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई जरिबानाबाट प्राप्त हुने रकम समेत विचार गरी कसूरदारलाई सजाय निर्धारण गर्दा निजवाट मनासिव क्षतिपूर्ति भराई दिनु पर्नेछ।

तर कसूरदारको कुनै सम्पत्ति नभई जबरजस्ती करणीको कसूरबाट पीडितले क्षतिपूर्ति नपाउने देखिएमा र प्रचलित कानून बमोजिमको पीडित राहत कोष स्थापना भइनसकेको अवस्थामा अदालतले नेपाल सरकारको महिला तथा बालबालिका विषय हेर्ने निकायको नाममा क्षतिपूर्ति स्वरुप उचित रकम पीडितलाई भराइदिने गरी आदेश गर्न सक्नेछ र त्यसरी आदेश भएमा सो कार्यालयबाट क्षतिपूर्ति बापतको रकम तत्काल पीडितलाई उपलब्ध गराउनु पर्नेछ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरु:**

प्रस्तुत मुद्दा बन्द ईजलासमा सुनुवाई गरी निरन्तर सुनुवाई गर्नुपर्ने प्रकृतिको भएको हुँदा मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९६(१) वमोजिम गोपनियता समेत कायम राखी सुनुवाई हुने मुद्दा भएको हुँदा सोही बमोजिम सुनुवाई गरी पाउन तथा पीडितलाई प्रतिवादीको बयान पश्चात मितिः २०८२।०४।१५ गते बकपत्रका लागी पेश गरिने भएकोले थुनछेक आदेश हुँदा पीडितको बकपत्रको समेत आदेश गरी पाउँ।

**सबुद प्रमाण :**

**दशी प्रमाण तथा कसूरसँग सम्बन्धित चिज वस्तु:**

अडियो,भिडियो रेकर्ड भएको पेन ड्राईभ थान-१

**गवाह** **: जाहेरवाला/पीडित:** परिवर्तित नाम २६ परिसर(३२)०८१।०८२।

**देख्ने, सुन्ने** : **बुझिएका मानिस:** नाम परिवर्तित २६ परिसर (३२)क (०८१।०८२) र बुलबुल यादव।

**प्रस्तुत कागजातहरु:**

१. मिति २०८१।०७।३० गतेको जि.स.व.का.को पत्रसाथ प्राप्त सक्कल जाहेरी पाना-३,निबेदन,नागरिकताको छायाकपी-२,संकेत नाम तय गरिएको पत्र पाना-४,सक्कल घटनास्थल मुचुल्का पाना-३ भएको पत्रहरु राखिएको खामबन्दी थान- १ ।

२. मिति २०८१।०७।३० गतेको जि.स.व.का.को पत्रसाथ प्राप्त जाहेरी दरखास्तको फोटोकपी पाना-३ र संलग्न कागजातहरुको फोटोकपी पाना-९।

३. मिति २०८१।१०।३० गतेको गोप्य नाम राखीएको पत्र पाना -२।

४. ऐ.गते अनुसन्धान अधिकारी तोकिएको पत्र।

५. ऐ.गतेको आचार संहिता।

६. ऐ. गतेको प्रारम्भिक प्रतिवेदन पठाईएको पत्र।

७. ऐ.गतेको वृत्त बानेश्वरलाई लेखेको पत्र।

८. ऐ.६ गतेको जाहेरी दरखास्त भरपाई कागज।

९. ऐ.११।२६ गते पुन: अ.अ.तोकिएको पत्र।

१०. ऐ.२८ गतेको बृत्त बानेश्वरको पत्रसाथ प्राप्त घटनास्थल मुचुल्काको फोटोकपी पाना-३ साथ प्राप्त कागजात पाना-३।

११. ऐ.१२।५ गतेको स्वास्थ्य परिक्षणको लागी परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताललाई लेखिएको पत्र।

१२. ऐ.६ गतेको परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल थापाथलीको पत्रसाथ प्राप्त पिडितको स्वास्थ्य परिक्षण प्रतिवेदन पाना-१३ ।
१३. ऐ.१२।२२ गते पुन:अ.अ.तोकिएको पत्र ।
१४. ऐ.२५ गतेको पक्राउ पुर्जी अनुमतीको लागी का.जि.अ.लाई लेखिएको पत्र, अनुमती पत्र ।
१५. ऐ.गतेको मानिस पक्राउको लागी लेखेको पत्र पाना-२ ।
१६. मिति २०८२।२।६ गतेको भुमि ब्यवस्था तथा अभिलेख बिभागलाई लेखेको पत्र ।
१७. ऐ.गते नेपाल राष्ट्र बैंकलाई लेखेको पत्र ।
१८. ऐ.२।७ गते मानिस पक्राउको लागी लेखेको पत्र ।
१९. ऐ. भुमि ब्यवस्था तथा अभिलेख बिभागको पत्रसाथ प्राप्त पत्र पाना-५ ।
२०. बिभिन्न बैंकहरुको पत्र पाना-१३ ।
२१. ऐ.४।४ गतेको प्रतिवादीको निबेदन ।
२२. ऐ.गतेको पक्राउ पुर्जी ।
२३. स्वास्थ्य परिक्षण प्रतिवेदन (ईमेरजेन्सी टिकट)।
२४. ऐ.गतेको प्रहरी प्रतिवेदन ।
२५. ऐ.गतेको थुनुवा पुर्जी
२६. ऐ.४गतेको पहिलो पटक म्याद थप पत्र ।
२७. ऐ ऐ.गतेको जि.स.व.का. को म्याद थप पत्र ।
२८. ऐ.गतेको बिर अस्पताललाई लेखेको पत्र र स्वास्थ्य परिक्षण पाना-३ ।
२९. ऐ.७ गते बयान कार्यको लागी जि.स.व.का.लाई लेखेको पत्र ।
३०. ऐ.गतेको प्रतिवादी राजेश झाले गरिदिएको बयान पाना-७ ।
३१. ऐ.गतेको कल डिटेल अनुमतीको लागी का.जि.अ.लाई लेखको पत्र ।
३२. ऐ.८ गतेको कल डिटेलको लागी लेखेको पत्र ।
३३. ऐ.गते संकेत नाम तय गरिएको पत्र ।
३४. ऐ.८ गतेको बुझिएका मानिस नाम परिवर्तित २६ परिसर (३२)क ०८१।०८२ ले गरिदिएको घटना बिवरण कागज पाना-३ ।
३५. ऐ.९ गतेको दोश्रो पटक म्याद थप पत्र ।
३६. ऐ.गतेको जि.स.व.का.को पत्र ।
३७. ऐ.गतेको घटनाविवरण कागज गरी पठाईदिन हुन लेखीएको पत्र ।
३८. ऐ.१० गतेको जाहेरवालाको निबेदन साथ पेश गरेको कागजात पाना-९ र पेनड्राईभ थान-१ ।
३९. प्रतिवादीको फोटो तथा औठाछाप ।
४०. ऐ.११ गते सिआरएसलाई लेखेको पत्र ।
४१. ऐ.गतेको सिआरएसको पत्र ।
४२. कर्ल डिटेल पाना ४ ।
४३. ऐ ११ गतेको प्रहरी वृत्त महाराजगन्जको पत्र ।

४४. ऐ.१२ गतेको ईलाका प्रहरी कार्यालय तुलसीपुर दाङको पत्र।

४५. ऐ.गतेको जिल्ला प्रहरी कार्यालय बाँकेको पत्र।

४६. ऐ. गतेको साक्षी फेला नपरेको प्रहरी प्रतिवेदन।

४७. ऐ.गतेको बुझिएका मानिस बुलबुपल यादवले गरिदिएको घटनाविवरण कागज पाना २, निजको नागरिकताको फोटोकपी।

**यो अभियोगपत्रबाट प्रस्तुत मुद्दाको कारवाही शुरु गर्न अनुरोध गरिन्छ।**

**कार्यालयको छापः** **सरकारी वकीलकोः**

**दस्तखतः**
**नामः गोविन्द प्रसाद हुमागाईं**
**दर्जाः जिल्ला न्यायाधिवक्ता**
**कार्यालयःजिल्ला सरकारी वकील कार्यालय काठमाडौं**
**मितिः२०८२।०४।१३।३**